परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

❑ वर्ष १३ ❑ अंक २६ २०८१ फाल्गुन ४ आईतवार Sunday 16, FEB 2025 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

**नेपाल खानेपानी संस्थान**
शाखा कार्यालय, विराटनगर

**सूचना**

गर्मी, सुख्खा याम बढे सँगै जमिन मुनीका पानीका सतह घटिरहेकोले गर्दा पानी उत्पादन कम हुन गई वितरण प्रणालीमा समस्या भएको जानकारी गराउदै वितरण गरिएको पानी सहि सदुपयोग गरि दिनु हुन अनुरोध छ, साथै कहि कतै पाईप लिकेज भई पानी खेर गईरहेको देख्नु भएमा कार्यालयलाई जानकारी गराई दिनु होला ।

पानी उमालेर र फिल्टर गरेर मात्र प्रयोग गर्ने बानी बसालौं ।

## शो रूमको सिसा फुटाएर कार चोरी, १२ घण्टा नवित्दै कार सहित चारीको आरोपमा एक पक्राउ





विराटनगर । शो रुमको सिसा फुटाएर नयाँ गाडी (कार) चोरेको आरोपमा एक जनालाई प्रहरीले पक्राउ गरेको छ ।

विहिवार राती करिब सवाँ २ बजे विराटनगरको कञ्चन बारी ३ स्थित पूजा इन्टरनेशनल नेपाल प्रालीको शोरुमबाट बा. ०१३० च ८५८१ नम्बरको टाइगुन गाडी चोरेको आरोपमा मोरङ प्रहरीले विराटनगर-४ इक्राहीका मन्तोष विनलाई पक्राउ गरेको थियो ।

शोरुमको सिसा फुटाएर कार चोरी गरेको १२ घण्टा नवितदै कार सहित विनलाई सुनसरीको इनरुवाबाट नियन्त्रणमा लिएको थियो । गाडी लिएर भाग्ने क्रममा पेट्रोल सकिएपछि प्रहरीको टोलीले गाडीसहित विनलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक नारायण चिमरियाले जानकारी दिदै भने कार चोरीको आरोपमा पक्राउ परेका विन सुनसरीको गढी गाँउपालिका-४ बासी भएको खुलेको छ ।

जिल्ला प्रहरी कार्यालयका अनुसार शोरुमको अगाडी पट्टीको शिशा फुटाएर पेट्रोल इन्जिन भएको नयाँ गाडी चोरी गरिएको थियो । शो रुमको शिशा फुटाउन सानो क्रंक्रिटको ब्लक प्रयोग भएको प्रहरीले जनाएको छ । शोरुममा एउटा मात्र गाडी रहेको र शोरुमभित्र रहेको अन्य सामाग्री भने नहराएको शो रुमका सहायक सेल्स म्यानेजर इन्द्र श्रेष्ठले जानकारी दिएका थिए ।

प्रहरीका अनुसार शो रुममा सधै गाडीसँगै चाबी राखिएको हुँदा चोरलाई समेत सहज भएको थियो । चोरी भएको घटनासँगै प्रहरीले शोरुममा रहेको सिसिटीभी फुटेजबाट अनुसन्धान सुरु गरेको थियो । जहाँ प्रहरीले चोरी गर्दै गरेको भिडियो समेतको अध्ययन गरेको थियो । त्यसलगत्तै प्रहरीले सीमा क्षेत्रमा कडाइ गर्दै विभिन्न नाकामा चेकजाच बढाएको थियो ।

कार चोरीको अनुसन्धान को लागि तत्काल कोशी प्रदेश प्रहरी कार्यालयबाट प्रादेशिक अनुसन्धान समुह (रिट), जिल्ला प्रहरी कार्यालय मोरङर जिल्ला प्रहरी कार्यालय सुनसरी समेतको संयुक्त टोली परिचालन भई जिल्ला प्रहरी कार्यालय सुनसरीको सहयोग मा जिल्ला सुनसरी गढी गाँउपालिका वडा नं. ४ स्थित इक्राही तर्फबाट सुनसरीको भोक्राहा तर्फ जाँदै गरेको उल्लेखित हुलिया भएको रातो कार देखि पिछा गरी रोकी प्रारमभिक अनुसन्धान गर्दा सो कार चोरी गरेको पुष्ठी हुन आई सो कारका चालक बिनलाई पक्राउ गरीएको थियो । कारको पछाडी पट्टी एक थान ल्यापटप समेत भएका सम्वन्धमा आवश्यक अनुसन्धान भई रहेको जिल्ला प्रहरी कार्यालय मोरंगले जनाएको छ ।

## सातौं वार्षिक उत्सवमा, कोशी प्रदेशको उपलब्धी सार्वजनिक

कोशी प्रदेश स्थापन दिवसको अवसरका कोशी प्रदेश सरकारका मुख्यमन्त्री हिकमत कुमार कार्कीले कोशी प्रदेशमा भएको उपलब्धीहरुको ६२ पृष्टको पुस्तक प्रकाशन गरी १३८ वटा बुद्धामा उपलब्धीहरु सार्वजनिक गरेका छन् ।

कोशी प्रदेश स्थापना २०७४ साल फागुन ३ गते भएको थियो । सात वर्षका अवधिमा नयाँ संरचनालाइ स्थापित गरी संचालन गर्ने विषय निकै चुनौतिपूर्ण घडीलाइ पार गर्दै प्रदेश सरकार आफ्नो आकार ग्रहण गर्न सफल भएको छ । प्रदेश सरकारले पम्पलेट मार्फत संक्षेपमा उपलब्भीहरुको सार्जजनिक गरको छन् ।

जसमा नीतिगत कानुनी तथा शासकीय सुधार, बजेट तथा वित्तीय सुधार, शान्ति सुरक्षा र विपद् व्यवस्थापन, यातायात तथा भौतिक पूर्वाधार, कृषि प्रवर्द्धन, उद्योग बाणिज्य, सहकारी, स्वास्थ्य क्षेत्र, उच्च शिक्षा, भाषा, कला, संस्कृति तथा परातत्व, श्रम तथा रोजगार, व्यवसायीक सीप विकास तालिम, बालबालिका, अपांगता, पर्यटन, बन व्यवस्थापन तथा उपयोग, वातावरण संरक्षण र पूर्वाधार विकास भएको दावी गरेका छन् ।

कोशी प्रदेश सरकारको सातौं वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्दै मुख्यमन्त्री कार्कीले कोशी प्रदेश सरकार स्थापना भएको सात वर्षको अवधिमा सरकारले विकास निर्माणमा महत्वपूर्ण उपलब्धि हासिल गरेको बताउँदै सरकार पुँजी निर्माण गर्न र गरिबी निवारण पनि काम गरिरहेको वताए ।

मुख्यमन्त्री कार्कीले राष्ट्रिय पुँजी निर्माण गर्न सरकारले आगामी वैशाखमा लगानी सम्मेलन गर्ने भन्दै पर्यटन वर्ष र चिया सम्मेलन गर्ने सरकारको योजना र नीतिबाट पुँजी निर्माणको आधार खडा हुने कुरामा जोड दिएका थिए । प्रदेशको राजधानी तोक्न र प्रदेशको नामकरण गर्न सरकारको उलब्धि हो भन्दै नामकरणको विषयमा पहिचानवादीले देखाएको असन्तुष्टिलाई सम्बोधन गर्न सरकार आवश्यक छलफल एवं संवाद गरिरहेको दावी गरका थिए ।

कोशी प्रदेशमा पहिचानको क्षेत्रमा अत्याधिक काम गरेको स्मरण गराउँदै मुख्यमन्त्री

वांकी अन्तिम पेजमा...

## विराट राजवंशी, वृहत भेलासंगै आन्दोलनको तयारीमा

विराटनगर, फागुन १ गते । राजवंशी समाज उत्थान समिति (विराट) द्वारा वृहत भेला तथा र्यालीको साथ-साथै आन्दोलनको तैयारीमा लागेका छन् ।

राजवंशी समाज उत्थान समिति (विराट) केन्द्रीय अध्यक्ष भुवनेश्वर मण्डल राजवंशीले नेपाल पत्रकार महासंघ मोरंग शाखाको सभाहलमा पत्रकार सम्मेलन गरी फागुन ६ गते विराटनगरमा वृहत भेला तथा र्याली गर्नुका साथै हाम्रो माग पुरा नभए २०८१ साल बैशाख देखि अनशन, सिटी जुलुश, चक्का जाम गर्ने तयारीमा लागेको वताए ।

वृहत भेला तथा र्यालीका संयोजक वसन्त (बनेश लाल) राजवंशीले भने हामी तपाईहरु समक्ष आफ्नो बिचार व्यक्त गर्न उपस्थित भएका छौं। तपाईहरुलाई लाग्न सक्छ कि एउटै कुरा किन बारम्बार दोहोर्‍याएको होला ? एउटै राग किन अलापेको होला ? यो सोच्नु स्वभाविकै होला । तर यो राग हाम्रो धैर्यता, नम्रता, सहनशीलता र आशा वादीताको उदाहरण हो । हामी विराट राजवंशीलाई जब सम्म आदिवासीमा सरकारले सुचिकृत गर्दैन हामी यो प्रक्रिया दोहोर्‍याई रहन्छौं। हामी प्रत्येक वर्ष फाल्गुन ६ गते बृहत भेला तथा व्यलीको आयोजना गर्ने गरेका छौं। यो हाम्रो आपसी

वांकी अन्तिम पेजमा...



परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.विराटनगर द.न. ०४/०७७/०७८

## सातौं...

कार्कीले भन्नुभयो, ' स्वच्छ, सुखी र समुन्नत प्रदेश निर्माणमा सबैको साथ र सहयोग आवश्यक छ ।' उहाँले सरकारको कमी कमजोरीलाई स्वस्थ आलोचना गरी सत्य र तथ्यका आधारमा समाचार सम्प्रेषण गर्न पत्रकारहरुलाई आग्रह गरेका थिए ।

## विराट...

प्रेम, सद्भाव, मिलन र एकताको प्रतीकको रुपमा भव्य समारोह भएको वताए ।

विराट राजवंशीलाई आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानमा छुट्टै सुचिकृत गर, राज्यको हरेक अङ्गमा विराट राजवंशीको स्थान सुनिश्चित गर, कोशी प्रदेशसभा सदस्यमा यस प्रदेश राजधानीमा मूल आदिवासी विराट राजवंशीलाई समानुपातिक रुपमा प्रतिनिधित्वको सुनिश्चित गर, विराटनगरको प्रथम जातिको रुपमा विराट राजवंशीलाई घोषणा गर, विराट राजवंशी जातिको उत्थानका लागि प्रत्येक तह र अंगहरुमा छुट्टै आरक्षणको व्यवस्था गर, विराट राजवशी जातिको प्रमुख वसोवास भएको विराटनगर महानगर पालिका, कटहरी, जहदा, बुढीगंगा र ग्रामथान गाउँपालि का क्षेत्रलाई विराट राजवंशी स्वायत्त परिषद्को व्यवस्था गर, भेडियारी स्थित विराट दरवार क्षेत्रको संरक्षण एवं सम्वर्द्धनका लागि विराट राजवंशी समुदायको नेतृत्वमा पर्यटकीय क्षेत्रको रुपमा विकास गर लगायतको माग राखी सरकारलाई घच-घच्याउन फागुन ३ गते मोटरसाइकल र्‍याली र ६ गते १८ औ बृहत भेला महेन्द्र चौक विराटनगर मा गर्न लागेको वृहत भेला तथा र्‍यालीका सह-संयोजक राजेश कुमार राजबंशीले वताए ।

उक्त अवसरमा विराट राजवंशी समुदायको पहिचान झल्काउने पहिरन, संस्कृती झल्काउने गरगहना लगाएर उपस्थित भई कार्यक्रमलाई सफल बनाईदिन सम्पूर्ण विराट राजवंशी समुदायलाई आयोजकले आग्रह गरेका छन् ।

## ब्राउन सुगर सहित एक पक्राउ

विराटनगर । मोरङको बिराटनगर-१५ स्थितबाट लागुऔषध ब्राउन सुगर सहित १ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

शुक्रवार इलाका प्रहरी कार्यालय रानी र लागुऔषध नियन्त्रण ब्युरोबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा भारतब ाट नेपालतर्फ आउदै गरेको पैदल यात्री झापा बिर्तामोड-६ रोहित राजवंशी को साथबाट १४ ग्राम ७८ मिलिग्राम ब्राउन सुगर फेला पारी नियन्त्रणमा लिएको थियो ।

पक्राउ परेका उनको सम्बन्धमा थप अनुसन्धान भईरहेको छ ।


# 'रेडियोले बदलिंदो विश्वलाई जोड्दै' नाराका साथ रेडियो दिवस्

**भोजराज घिमिरे**

विराटनगर । 'रेडियोले बदलिँदो विश्वलाई जोड्दै' नाराका साथ आज विश्वभर १३ औँ विश्व रेडियो दिवस विभिन्न चेतनामूलक कार्यक्रम गरी मनाएको छ । संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (युनेस्को) को आह्वान मा जलवायु परिवर्तनका असरबारे सचेतना फैलाउने उद्देश्यले यो दिवस विशेष कार्यक्रम सहित मनाउको छ ।

सन् २०११ मा युनेस्कोका सदस्य राष्ट्रहरूले फेब्रुअरी १३ लाई अन्तर्राष्ट्रिय रेडियो दिवसका रूपमा मनाउने प्रस्ताव गरे पनि राष्ट्रसङ्घीय महासभाले २०१२ मा अनुमोदन गरेपछि औपचारिक रूपमा यो दिवस मनाउन थालिएको हो ।

रेडियो आमसञ्चारको सबैभन्दा प्रभावकारी माध्यम मानिन्छ, जसले समाजका विविधतासहित एकता कायम गर्न, आवाज विहीनहरूको आवाज बन्न, लोकतान्त्रिक बहसलाई प्रवर्द्धन गर्न तथा शिक्षा, सूचना र मनोरञ्जन प्रदान गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । विपत्तिका बेला तथा दुर्गम भेगका नागरिकहरूलाई सूचनामूलक सामग्री उपलब्ध गराउने रेडियोको योगदान अतुलनीय छ ।



नेपालमा पनि रेडियो सञ्चारको प्रमुख स्रोतका रूपमा स्थापित छ। २००७ सालमा रेडियो नेपालको प्रसारण सुरू भएदेखि अहिलेसम्म आइपुग्दा थुप्रै एफएम स्टेसनहरू सञ्चालन मा आएका छन्, जसले स्थानीय समुदायलाई नजिक ल्याउन सहयोग पुऱ्याइरहेका छन् ।

रेडियो क्षेत्रका विज्ञहरूका अनुसार प्रविधिको विकाससँगै डिजिटल रेडियो तथा अनलाइन रेडियोको विस्तार भए पनि परम्परागत एफएम तथा एएम रेडियोको प्रभाव घटेको छैन । जनताको सहज पहुँच, कम खर्चिलो प्रविधि तथा सरल प्रयोगका कारण रेडियो अझै पनि सबैभन्दा बढी लोकप्रिय माध्यम रहेको छ ।

यस वर्षको विश्व रेडियो दिवसको अवसरमा नेपालभर विभिन्न रेडियो स्टेशनहरूले विशेष कार्यक्रम, रेडियो वार्ता, जलवायु परिवर्तनसम्बन्धी सचेतनामूलक प्रसारण तथा नागरिक संवादका कार्यक्रम आयोजना गरिरहेका थिए ।


## प्रजातन्त्र दिवस भव्य रुपमा मनाऔं ।

- प्रजातन्त्रको मूल मर्म मानवअधिकार र विधिको शासन हो,
- आवधिक निर्वाचन प्रजातन्त्रको आधार शिला हो,
- आफ्ना प्रतिनिधिहरु मार्फत शासनमा नागरिकको सहभागिता प्रजातान्त्रिक व्यवस्थाको मर्म हो,
- शक्ति पृथिकरण, नियन्त्रण र सन्तुलन प्रजातन्त्रको आधार हो,
- प्रजातन्त्र एक पद्धती, व्यवहार र आचरण पनि हो, त्यसैले,
- प्रजातान्त्रिक संस्कार, आचार र व्यवहारको अवलम्बन प्रत्येक नागरिको कर्तव्य हो,
- त्यस तर्फ सचेत बनौं ।
- ७५ औं राष्ट्रिय प्रजातन्त्र दिवस सफल पारौं ।

**नेपाल सरकार, विज्ञापन बोर्ड**

## सूचना सूचना सूचना

*सड्क क्षेत्रको दायाँ बायाँ रहेका रूख काट्नु सार्वजनिक अपराध हो । यसरी रूखहरू काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौ । सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं ।*

**सडक डिभिजन कार्यालय**
**विराटनगर, कोशी प्रदेश**

## नगरवासीको लागि विशेष अनुरोध

- नगरपालिका वा वडा कार्यालयमा बुझाउनु पर्ने सम्पत्ती कर, व्यवसाय कर लगायतका करहरु समयमै बुझाऔं ।
- सडकमा जथाभावी सवारी साधन पार्किङ नगरौं ।
- सडक पेटीमा कुनै पनि किसिमका व्यापार व्यवसाय नगरौं ।
- सडकको क्षेत्राधिकार भित्र ठेला पसल तथा निर्माण सामाग्री नराखौं ।
- नगर क्षेत्रभित्र निर्माण हुने घरको निर्माण पूर्व अनिवार्य घर नक्सा पास गर्ने गरौं ।
- पञ्जीकरणका कार्यहरु ३५ दिन भित्रै गरी जरिवानाबाट बचौं ।
- महिला सशक्तीकरणलाई प्राथमिकता दिऔं ।
- सबै प्रकारका हिंसाको अन्त्य गरौं ।
- उपभोक्ता हित विपरीत हुने कुनै पनि क्रियाकलापहरु पूर्ण रुपमा रोकौं ।
- मिसावट तथा रंग रोगन गरिएका खानेकुराहरुको वेचविखन र सेवन गर्दै नगरौं ।
- बाल श्रमको अन्त्य गरौं ।
- आफ्नो घर वरिपरी हरियाली वनाउन वृक्षा रोपन गर्ने संस्कारको विकास गरौं ।
- देखावटी रुपमा फजुल खर्च नगरौं ।

**सुन्दरहरैचा नगरपालिकाको कार्यालय मोरंग, कोशी प्रदेश**



## नगरवासीको लागि विशेष अनुरोध

- नगरपालिका वा वडा कार्यालयमा बुझाउनु पर्ने सम्पत्ती कर, व्यवसाय कर लगायतका करहरु समयमै बुझाऔं ।
- सडकमा जथाभावी सवारी साधन पार्किङ नगरौं ।
- सडक पेटीमा कुनै पनि किसिमका व्यापार व्यवसाय नगरौं ।
- सडकको क्षेत्राधिकार भित्र ठेला पसल तथा निर्माण सामाग्री नराखौं ।
- नगर क्षेत्रभित्र निर्माण हुने घरको निर्माण पूर्व अनिवार्य घर नक्सा पास गर्ने गरौं ।
- पञ्जीकरणका कार्यहरु ३५ दिन भित्रै गरी जरिवानाबाट बचौं ।
- महिला सशक्तीकरणलाई प्राथमिकता दिऔं ।
- सबै प्रकारका हिंसाको अन्त्य गरौं ।
- उपभोक्ता हित विपरीत हुने कुनै पनि क्रियाकलापहरु पूर्ण रुपमा रोकौं ।
- मिसावट तथा रंग रोगन गरिएका खानेकुराहरुको वेचविखन र सेवन गर्दै नगरौं ।
- बाल श्रमको अन्त्य गरौं ।
- आफ्नो घर वरिपरी हरियाली वनाउन वृक्षा रोपन गर्ने संस्कारको विकास गरौं ।
- देखावटी रुपमा फजुल खर्च नगरौं ।



**उर्लावारी नगरपालिकाको कार्यालय मोरंग, कोशी प्रदेश**


परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# अपराध नियन्त्रण गर

अपराध नियन्त्रणको मामिलामा सुरक्षा निकाय कमजोर हुँदै गएको छ। यसको उदाहारणको रुपमा भरखरै विराटनगरको कन्चनवारी स्थित पूजा इन्टरनेशनल नेपाल प्रालिको सिसा फुटाएर नयाँ गाडी (कार) विहीवार राती चोरी भएको घटनालाई लिन सकिन्छ। समाजमा शान्ति अमन चैनको लागि शान्ति, सुव्यवस्था र न्यायको सुनिशिचतता गर्न अपराध नियन्त्रण हुन आवश्यक छ। कानुनी व्यवस्था, सुरक्षकर्मीहरुको सक्रियता र नागरिकहरुको नैतिक जिम्मेवारीले अपराध नियन्त्रण सम्भव हुन्छ। नेपाल भारतका खुल्ला सिमानाले अपराधिक गतिविधी दिन दिनै वृद्धि भई रहको छ।

भारतको सिमाना जोडिएर नेपालले २/२ किलोमिटरको दुरीमा सुरक्षा संयन्त्रलाई राखेको छ तर पनि अपराध नियन्त्रण भई रहको छैन। कानुनी प्रावधान र सुरक्षा निकायको कमी कमजोरीले कति पय अपराधीहरु प्रहरी प्रशासनसंग मिलेर अपराध गर्न गरिन्छ। अपराध नियन्त्रणका लागि सक्षम, इमानदार र प्रविधिमैत्री प्रहरी बल आवश्यक छ। अनुसन्धान प्रक्रियामा प्रविधिको प्रयोग, अपराध रोकथामका लागि गुप्तचर संयन्त्रको मजबुती, र जनताको सुरक्षामा जिम्मेवार प्रहरी प्रशासन अपरिहार्य छ।

अपराध नियन्त्रणका लागि कानुनी व्यवस्थाले मात्र पुग्दैन समाजिक चेतना पनि उत्तिकै महत्वपूर्ण हुन्छ। जसका लागि विद्यालयस्तरबाट नै नैतिक शिक्षा प्रदान गर्ने, समुदायमा अपराधविरुद्ध सचेतना कार्यक्रम सञ्चालन गर्ने, र नागरिकहरूलाई कानूनी ज्ञान प्रदान गर्ने जस्ता उपायले समाजलाई अपराधमुक्त बनाउन मद्दत पुऱ्याउँछ गर्दछ। अपराध नियन्त्रणकोलाग सुरक्षा निकाय नैतिकवान हुन आवश्यक छ।

# नेपालमा विद्यार्थी आन्दोलनको रूपान्तरण

**श्याम रोका**

नेपालका हरेक आन्दोलनमा निर्णायक भूमिका खेल्दै आएका युवा विद्यार्थी पछिल्लो समय मूलधारको राजनीतिबाट विरक्तिएर विदेश पलायनको मनस्थितिमा पुग्नु निकै दुःखद् छ। देशमा प्रजातन्त्र ल्याउने, पञ्चायत ढाल्ने, निरंकुश राजतन्त्र अन्त्य गरेर गणतन्त्र स्थापना गर्ने कार्यमा विद्यार्थी र युवाको महत्वपूर्ण र हस्तक्षेप कारी भूमिका थियो।

तर गणतन्त्र स्थापनापछि विकास र समृद्धिको यात्रामा युवाहरूको भूमिका र खबरदारी कमजोर भएर गयो। राजनीतिमा युवाहरूको आकर्षण घट्दा संघीयताको अभ्यासमा बाधा पुगिरहेको छ। गाउँबाट हिंडेका विद्यार्थी पढाइ सकेर गाउँ फर्कंदैनन्, विदेशतिर जान्छन्। गाउँमा अवसर सिर्जना गर्नेभन्दा पनि विदेशमा अवसर खोज्नेतर्फ विद्यार्थीको ध्याउन्न छ। परिणाम आज समग्र राष्ट्रले भोग्नुपरेको छ।

एक हिसाबले आजका गाउँहरू वृद्धाश्रम जस्तो बनेका, सुनसान छन्। देशको अर्थतन्त्र शिथिल भएको छ। भ्रष्टाचार बढेको छ। विकास निर्माण कार्यमा दक्ष जनशक्तिको अभाव खट्किरहेकै छ। यो परिस्थिति आउनुमा मुख्य दोष राजनीतिक नेतृत्वकै छ। त्यससँगै दोषयुक्त राजनीतिमाथि प्रश्न गर्नुपर्ने कर्तव्यबाट विद्यार्थीहरू भाग्न खोजेको यथार्थलाई पनि नजरअन्दाज गर्न सकिंदैन।

परिवर्तनका संवाहक

विद्यार्थीलाई परिवर्तनका संवाहक मानिन्छ। बंगलादेशमा केही समयअघि मात्रै युवा-विद्यार्थीले आन्दोलनको आँधीहुरी ल्याउँदा निरंकुश र तानाशाही सरकार ढल्यो। राष्ट्रपति भागेर विदेशमा शरण लिन बाध्य भइन्। नेपालमा विद्यार्थी आन्दोलनको स्वर्णिम इतिहास छ। तर विद्यार्थी आन्दोलनको भविष्य अन्योलमा छ।

राणाहरूले नेपालमा शैक्षिक विकासमा उतिसाह्रो ध्यान दिएका थिएनन्। किनकि, उनीहरूलाई जनता सचेत हुँदा शासन गर्न गाह्रो पर्छ भन्ने लागेको थियो। हुनेखानेका छोराछोरी यतिबेला भारतमा गएर पढे। उनीहरूले नै संगठित रूपमा नेपालमा राणाशासन फाल्ने अभियान चलाएका थिए। अंग्रेजको उपनिवेशबाट भारतलाई स्वतन्त्र बनाउन सक्रिय भएका प्रवासी नेपाली विद्यार्थीहरू नेपालमा पनि प्रजातन्त्र ल्याएर तानाशाही शासन अन्त्य गर्नुपर्ने निष्कर्षमा थिए। मानवअधिकार, अभिव्यक्ति स्वतन्त्रता, सभा-संगठनमा रोक लगायत राणाकालीन निरंकुशतालाई समाप्त गर्दै २००७ सालमा प्रजातन्त्र स्थापना गर्न उनीहरूको महत्वपूर्ण भूमिका रह्यो।

२०१७ सालमा राजा महेन्द्रले निर्वाचित प्रधान मन्त्री बीपी कोइरालालाई अपदस्थ गरेर निर्दलीय पञ्चायती व्यवस्था स्थापना गरे। सबै प्रकारका राजनीतिक क्रियाकलाप माथि रोक लगाइयो। विद्यार्थी आन्दोलनहरू यसबाट प्रभावित भएको थियो। तर विद्यार्थीले प्रतिरोध जारी राखे।

२०४६ सालमा बहुदलीय प्रजातन्त्र पुनर्स्थापना हुँदा पनि विद्यार्थीको भूमिका ठूलो थियो। यतिबेला देशको ठूलो युवा तथा विद्यार्थी तप्का पञ्चायत विरुद्ध आन्दोलनमा थियो। युवा-विद्यार्थीले त्यतिबेलै गणतन्त्र माग गरेका थिए। तर यो आन्दोलन सम्झौतामा गएर टुंगियो, जहाँ राजा संवैधानिक रूपमा बस्न तयार थिए। २०५२ सालमा नेकपा माओवादीले संविधान सभा, गणतन्त्र र धर्मनिरपेक्ष राज्य माग गर्दै सशस्त्र आन्दोलन सुरु गर्दा पनि युवा र विद्यार्थी वर्गको भूमिका जबर्जस्त थियो। ठूलो संख्या युवा-विद्यार्थी युद्धमा शहीद भए।

२०६१ साल माघ १९ मा राजा ज्ञानेन्द्रले असंवैधानिक रूपमा 'कु' गरेर सत्ता हातमा लिएको केही समयपछि सशस्त्र युद्ध गरिरहेको माओवादी र संसदीय राजनीतिमा सक्रिय कांग्रेस, एमाले लगायत दलहरूबीच १२ बुँदे सहमति भयो। निरंकुशता समाप्त हुनुपर्छ भन्ने सबैको माग थियो।

युवा तथा विद्यार्थीले मिलेर संयुक्त आन्दोलन गरे। जनआन्दोलन सफल बनाउन उनीहरूको ठूलो भूमिका थियो। उनीहरू अग्रमोर्चामा रहे। जनआन्दोलनमा शहीद हुनेमध्ये अधिकांश युवा र विद्यार्थी नै थिए।

देश आज गणतन्त्रमा छ, लेख्न र बोल्न स्वतन्त्रता छ। आफ्नो आवाज निर्धक्कसँग राख्न सकिन्छ। यस्तो स्वतन्त्रताको लाभ उठाएर देशलाई विकास र समृद्धिको बाटोमा लैजाने इच्छाशक्ति विद्यार्थी तथा युवामा हुनुपर्ने हो। तर, नेपालको राजनीतिमा अझै पनि वृद्ध पुस्ता नै हावी छ। उनीहरूकै सोच र चिन्तनले देश चलेको छ। युवाले आफ्नो उपस्थिति र हस्तक्षेप बढाउन सकेको देखिन्न।

**चुनौती**

शैक्षिक सुधार वा सामाजिक रूपान्तरणको एजेन्डालाई नेपालका विद्यार्थी संगठनले प्राथमिकतामा राखेको देखिन्न। त्यहीकारण आम विद्यार्थी यस्ता संगठनमा जोडिन खासै रुचि देखाउँदैनन्। विगतमा लोकतन्त्र ल्याउने एजेन्डाले पनि विद्यार्थी संगठनलाई जोडेको थियो। तर आज, उनीहरू एजेन्डा र गन्तव्य विहीन छन्। समाजमा भएका विकृति, विसंगति विरुद्ध आवाज उठाउन उनीहरूले खासै बल गरे जस्तो देखिन्न। विद्यार्थी संगठनहरूबीच स्वस्थ वैचारिक बहसको कमी छ। आफू राम्रो र अरूलाई नराम्रो भनेर सत्तोसराप गर्ने प्रवृत्ति ज्यादा छ। स्पष्ट कार्यदिशा छैन। काम गर्नेभन्दा पद ओगट्ने प्रवृत्ति नेपालीको पहिचान जस्तै बनिसकेको छ। विद्यार्थी संगठनमा पनि यो हावी छ। प्रायः विद्यार्थी संगठनहरू पदप्राप्तिको आन्तरिक द्वन्द्व र गुटबन्दीबाट ग्रस्त छन्। मूल नेतृत्वको नियन्त्रणमा विद्यार्थी संगठनहरू रहेकाले उनीहरूको स्वतन्त्र पहिचान बन्न सकेको छैन। विद्यार्थीको वास्तविक चासो र आवश्यकताहरूको सट्टा पार्टीका सत्ता-शक्तिकेन्द्रित जोडघटाउमा विद्यार्थी आन्दोलन रुमल्लिएको छ।

विद्यार्थी संगठनले अन्तर्राष्ट्रिय समुदायसँग सम्बन्ध स्थापित गरेर वैश्विक मुद्दामा आवाज उठाउन पनि पहल गर्नुपर्छ। जलवायु परिवर्तन, मानवअधिकार, आर्थिक समानता, लैंगिक समानता जस्ता मुद्दाहरूमा विश्वभरका नागरिकको ऐक्यबद्धता जरूरी हुन्छ।

तोडफोड, हिंसात्मक प्रदर्शन र ढुंगामुढा गर्ने वर्गका रूपमा विद्यार्थीको गलत छवि बनेको छ। यसले संगठनहरूको प्रतिष्ठा धुमिल पारेको छ। शैक्षिक सुधार, पाठ्यक्रम सुधार, गुणस्तरीय शिक्षा, छात्र कल्याण जस्ता वास्तविक समस्यामा उनीहरूको पर्याप्त ध्यान गए जस्तो देखिन्न। दीर्घकालीन शैक्षिक सुधारमा ध्यान केन्द्रित गर्नुको साटो अल्पकालीन मुद्दामा उनीहरूको ध्यान छ।

वांकी ५ पेजमा...

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ। मनोरञ्जन र भ्रमणको योग छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : युवा वर्गका लाीगि रमाइलो वातावरणको अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : युवावर्गका लाीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईंकै हुने छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन। बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला। काममा विघ्न वाधाहरु आउन सक्नेछन।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू) : बुद्धिको प्रभावले ठुला-ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ। मित्रहरको सहयोग राम्रो रहने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ। महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द) :सानो तिनो चोटपटकको सम्भावना रहेकाले सतर्कता अपनाउनु होला। भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईंकै हुने छ।

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

लाईफ गार्ड हस्पिटल
०२१४६४१७७
कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# चौथो संस्करणको सुन्दरहरैचा विराट एक्स्पो माघ ३० गतेदेखि शुरु




सन्दरहरैचा विराट एक्स्पो बारे गत आईतवार पत्रकार सम्मेलन गरी एक्स्पो वारे जानकारी गराउँदै । तस्वीर : श्याम सन्दर सुतिहार

विराटनगर । मोरंगको सुन्दरहरैचा नगरपालिकामा चौथो संस्करणको सुन्दरहरैचा विराट एक्स्पो माघ ३० गते बुधवार देखि शुरु भएको छ ।

एक्स्पोका संयोजक भोलेश्वर दुलालले भने सुन्दरहरैंचामा सञ्चालन गरिएको शौचालय अभियानलाई सहयोग पुऱ्याउने उद्देश्यले एक्स्पो आयोजना गरिएको सो एक्स्पोवाट फाइदा भएको रकम सुन्दरहरैंचामा निर्माणाधिन सार्वजनिक शौचालय निर्माणका लागि उपलब्ध गराउन जानकारी दिए ।

दुलालका अनुसार एक्स्पोमा ब्यवसायिकतर्फ १ सय १४ वटा स्टल रहेको छ । मुख्य प्रयोजक, प्रायोजक र सह प्रायोजकका विभिन्न ९ वटा पवेलियन रहने छन् । ब्यवसायिकसंगै कृषितर्फ ४०, अटोमोबाइल्सतर्फ १५, होटलतर्फ १६ गरी कुल १ सय ९४ वटा स्टल रहेका छन् । कृषि उद्योग तथा पर्यटन लगायतका आर्थिक एवं औद्योगिक क्रियाकलाप अभिवृद्धि हुने र नविनतम ज्ञान तथा नवप्रवर्धनको खोजी गरि दिगो स्वरोजगारी सृजना गर्ने उद्देश्यसहित एक्स्पो आयोजना गर्न लागिएको संयोजक दुलालको भनाई छ ।

एक्स्पो अवधिभर विविध विषयमा थिमेटिक शेसनहरुको आयोजना गर्दै आएको छ । विशेषत : वाल स्वास्थ्य स्याहार, स्वास्थ्यका लागि खाना, कोशी पर्यटन वर्ष-२०८२ का सन्दर्भमा पर्यटनको पुनर्विचारः कोशी प्रदेशमा स्थानीय संलग्नताको प्रवर्द्धन भन्ने विषयमा प्यानल डिस्कसन हुनुका साथै एआई स्टार्टअप तथा साइवर सेक्युरिटीका सन्दर्भमा संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारका साथै विषयगत विज्ञहरु र वहुपक्षीय सरोकार वाला हरुको सहभागितामा गहन छलफल तथा वहस पैरवी बारे छलफल भईरहको वताए ।

एक्स्पोमा मनोरञ्जनतर्फ गायक दिपक बज्राचार्य, नविन के भट्टराई, पुष्पन प्रधान, आस्था राउत, नितेशजंग कुँवर, प्रमोद खरेल, मिस्टर डि, शान्तारानी परियार, हास्य कलाकार मनोज गजुरेल लगायतको प्रस्तुति भई रहेको छ । सुन्दरहरैंचास्थित औद्योगिक प्रदर्शनी केन्द्रमा यसअघि, २०६६, २०७३ र २०७६ सालमा एक्स्पो आयोजना भइसकेको छ ।

अध्यक्ष दलालले भने उत्तरी मोरङको केन्द्रविन्दुको रुपमा विकास हुँदै गरेको विराटचोक बजारको विकास क्रमलाई मध्यनजर गरी वि.सं. २०५४ सालमा यस क्षेत्रका उद्योगी, व्यापारी र व्यवसायीहरुको हक अधिकारलाई स्थापित गर्नका लागि संगठित संस्थाको रुपमा "इन्द्रपुर व्यापार प्रवन्ध समिति" को नामबाट यस संस्थाको स्थापना भएको हो । समय क्रमसँगै व्यवसायीक गतिविधिहरु अगाडी बढाउने तथा यस क्षेत्रमा व्यवसायीक क्रियाकलापको विस्तार तथा पूर्वाञ्चल विकास क्षेत्रकै नमूना विकासोन्मुख शहरको रुपमा अगाडी बढ्दै नगरपालिकाको गठन भए पश्चात सुन्दरहरैंचा उद्योग वाणिज्य संघले पनि आफूलाई परिवर्तन र परिमार्जित गर्दै समयको गति सँगै अगाडी बढिरहेको व्यहोरा जानकारी गराउन चाहन्छु । संस्था आजको अवस्थामा आइपुग्न थुप्रै आरोह अवरोह हरुको प्रत्यक्ष साक्षात्कार गर्दै विभिन्न चुनौतीहरु समेतको सामना गरी अगाडी बढ्ने क्रममा संस्थाको २७ औं बर्षको इतिहासमा ६ जना अध्यक्ष ज्युहरुले आफ्नो कुशल नेतृत्व प्रदान गरी सक्नु भएको छ । सुन्दरहरैंचा उद्योग वाणिज्य संघ नितान्त व्यवसायीहरुको संगठन भएकाले तिनै उद्योगी, व्यापारी र व्यवसायीहरुको हक अधिकारलाई स्थापित गर्दै सवै खाले समस्याहरुको समाधान गर्ने बाटोमा निरन्तर लागिरहेको भएता पनि यसले समाजको विकासका लागि सुन्दरहरैंचा नगरपालिका तथा अन्य संस्थाहरुसँग हातेमालो गर्दै सकारात्मक पहल कदमी मार्फत सामाजिक रुपान्तरण र विकासमा आफूलाई स्थापित गरिरहेको छ । समयानुकुल परिवर्तनका हरेक गतिविधि हरु मा नेतृत्वदायी भूमिका निर्वाह गरी सुन्दरहरैंचा उद्योग वाणिज्य संघले सवै खाले रचनात्मक गतिविधि हरुमा आफ्नो अग्रसरता र क्रियाशील भूमिका निर्वाह गरिरहेको छ । यस संस्थाले आफ्ना सदस्य उद्योगी व्यापारी वर्गको हकहित र अधिकारका निम्ति संगठित रुपमा काम गर्दै आउनुका साथै सामाजिक उत्तरदायीत्व अन्तरगत विविध सामाजिक कार्यहरु पनि नियमित रुपमा गर्दै आइरहेको छ ।




# लागुऔषध गाँजा सहित पाँच जना पक्राउ

बिराटनगर । मोरङ र सुनसरीबाट लागुऔषध सहित ५ जनालाई प्रहरीले पक्राउ गरेको छ । फागुन २ गते शुक्रमवार लागुऔषध बेचबिखान भईरहेको छ भन्ने बिशेष सुचनाको आधारमा लागूऔषध नियन्त्रण ब्यूरो बिराटनगर र जिल्ला प्रहरी कार्यालय सुनसरीबाट इनरुवा नगरपालिका-१ स्थितमा खटिएको प्रहरी टोलीले देश भारत अररियाका ३३ बर्षीय कपिल मेहता र २८ बर्षीय पंकज कुमार पासवानलाई चेकजाँच गर्दा उनिहरुको साथबाट १०३ ग्राम ६९ मिलिग्राम ब्राउन सुगर फेला पारी बेचबिखानमा प्रयोग भएका बीआर ३८ एके ०२११ नम्बरको भारतिय मोटर साईकल सहित नियन्त्रणमा लिएको थियो ।

त्यसैगरी इलाका प्रहरी कार्यालय मधुमल्ला मोरङबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा मिक्लाजुङ गाउँपालिका-९ स्थितबाट मिक्लाजुङ-३ का २० बर्षीय पवन विश्चकर्मा र १८ बर्षीय जीवन धमलालाई प्रतिबन्धित औषधी ट्रमाडोल र स्पासपेन गरी जम्मा १४ सय क्याप्सुल र को. ४ प ४९०१ नम्बरको मोटरसाईकल नियन्त्रणमा लिएको थियो ।

उर्लाबारी नगरपालिका-१ बाट ट्रमाडोल र स्पासपेन गरी जम्मा ३ सय ८० क्याप्सुल औषधी सहित मिक्लाजुङ गाउँपालिका-६ घर भई हाल उर्लाबारी-१ बस्दै आएका २० बर्षीय समिर राईलाई पक्राउ गरेको हो ।

पक्राउ परेका उनिहरुको सम्बन्धमा थप अनुसन्धान भईरहेको छ ।

# १ नं. वडालाई भेन्ट्रान्सको उपाधि

पथरी शनिश्चरे । पथरी शनिश्चरे भेट्रान्स फुटबल प्रतियोगिताको उपाधि वडा नं. १ को भेट्रान्स फुटबल टिमले आफ्नो पोल्टामा पारेको छ ।

फाइनल खेलमा वडा नं १ ले वडा नं. ४ लाई ४ गोलका विरुद्ध ५ गोल गर्दै यस पटकको पथरी शनिश्चरे भेट्रान्स फुटबल प्रतियोगिताको उपाधिमाथि कब्जा जमाएको हो । सो प्रतियोगिता देवीगञ्ज फुटबल क्लबको आयोजना र पथरी शनिश्चरे-२ वडा कार्यालयको सहयोगमा पञ्चायत माध्यमिक विद्यालय को खेल मैदानमा सञ्चालन भएको थियो ।

प्रतिस्पर्धात्मक खेलमा वडा नं. १ का दीपक राईले २ गोल, बिमल थापा, हेम सुब्बा र काजी राईले एक-एक गोल गर्दै आफ्नो टिमलाई विजयी विजय गराएको थियो । वडा नम्बर ४ का रोजिन शिवाकोटीले दुई गोल, सूर्य परियारले १ गोल र यादव राईले १ गोल गरेका थिए । खेलको म्यान अफ द म्याच वडा नं ४ का रोजिन शिवाकोटी घोषित भएको छ ।

विजेता तथा उप-विजेता टिमलाई नगर प्रमुख मोहन प्रसाद तुम्बापोले नगद सहित मेडल र ट्रफी प्रदान गरेको थियो ।

सो अवसरमा नगरपालिका का शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुख नवीन खुलाल, वडा नं. १ का वडाध्यक्ष भीम राई, वडा नं. २ का वडाध्यक्ष नैना राई, वडा नं. ४ का अध्यक्ष लोककिरण न्यौपाने, वडा नं. ८ का वडाध्यक्ष नवीन कार्की लगायतको उपस्थिती थियो ।

गाउँवासीहरुको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं ।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं ।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं ।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं ।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं ।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं ।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं ।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यक्तिगत घटना दर्ता गराऔं ।

कानेपोखरी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय मोरंग, कोशी प्रदेश

गाउँवासीहरुको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं ।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं ।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं ।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं ।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं ।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं ।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं ।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यक्तिगत घटना दर्ता गराऔं ।

मिक्लाजुंग गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय मोरंग, कोशी प्रदेश

# प्रादेशिक आम सञ्चार विधियक सहमतिमै पारित हुन्छ : मुख्यमन्त्री



विराटनगर । प्रादेशिक आम सञ्चार विधेयक सहमति मै पारित हुने कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले बताएका छन ।

विराटनगरमा आज प्रेस चौतारी कोशी प्रदेश समितिको दोश्रो अधिवेशनको उद्घाटन कार्यक्रममा बोल्दै मुख्यमन्त्री कार्कीले प्रदेश सभामा पेश भएको प्रादेशिक सञ्चार विधेयकमा कमी कमजोरी भए सच्याएर अघि बढ्ने समेत प्रतिबद्धता व्यक्त गरेका छन ।

मुख्यमन्त्री कार्कीले अहिले अध्यादेशको विषयमा अनावश्यक रुपमा बखेडा झिक्न खोजेको भन्दै उहाँले भन्नुभयो,' सरकारले ल्याउने विधेयकका विषयमा दलका नेताहरुले पनि विरोध गरिरहेको सुनिन्छ तर अध्यादेश संवैधानिक हो । सदनबाट पारित नभए खारेज हुन्छ तर अध्यादेश ल्याउन नपाउने भन्ने हुन्न् ।'

यस अधिका सरकारहरु र प्रदेश सरकारहरुले पनि अध्यादेश ल्याउने गरेको चर्चा गर्दै मुख्यमन्त्री कार्कीले आगामी दिनमा सरकार चलाउनेहरुले अनावश्यक रुपमा विधेयकहरुको विरोध गर्न नहुने बताए ।

यसै गरी कोशी प्रदेशको विकासका प्रदेश सरकारले विभिन्न योजनाहरु सुरु गरिएको उहाँले बताउनु भयो । मुख्यमन्त्री कार्कीले कोशी प्रदेशको पर्यटन विकासका लागि विभिन्न पदमार्गहरु निर्माणको काम सुरु गरिएको जानकारी गराएका छन ।

प्रदेश सरकारले २९ वटा पालिका जोड्ने गरीको ४ वटा पदमार्ग निर्माणको काम सुरु दातृ निकायसँगको सहकार्यमा सुरु गरेको जानकारी दिनुभयो । पछिल्लो समयमा विकास निर्माणको क्रम बढेको भन्दैमा उहाँले नयाँ सत्ता समिकरण बनेपछि सकारात्मक परिवर्तनहरु देखिन थालेको दावी गरेका छन ।

# पतञ्जली योग प्रशिक्षणको दिक्षान्त समाहरोह सम्पन्न

बिराटनगर । "गरौं योग, रहौं निरोग" भन्ने नाराका साथ पतञ्जलि योग महानगर समिति बिराटनगर र महेन्द्रेश्वर शिवालय योग साधना केन्द्र, बिराटनगर वडा नं. १ को संयुक्त आयोजनामा २२ औं सह-योग शिक्षक प्रशिक्षण तालिमको दिक्षान्त समारोह भव्य रूपमा सम्पन्न भएको छ ।

प्रमुख अतिथि बिराटनगर महानगरपालिका वडा नं. १ का वडा अध्यक्ष काजी बहादुर बस्नेतले योगले शरिर तन्दुरुस्त हुने भएकोले सवै उमेरका मानिसले योग गर्नु पर्ने धारण राखेका थिए ।

कार्यक्रमको सहजीकरण महामन्त्री प्रलाद प्रसाद दङ्गल ले गर्नुभएको थियो ।

२२ दिनसम्म चलेको प्रशिक्षण कार्यक्रमबाट ३५ जना नव-योग शिक्षक तयार भएका छन् । प्रशिक्षार्थीहरूलाई तालिमका सुत्रधार महानगर सदस्य माया भट्टराईले महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएको थियो । महेन्द्रेश्वर शिवालय योग साधना केन्द्र विराटनगर-१ मा भएको सह-योग शिक्षक तालिममा प्रथम किरण कुमार आचार्य द्वितिय इश्वरी गौतम तृतिय दुर्गा आचार्य चौथा गोमा भट्टराई पाचौ मात्रीका चापागाई छैटौ केशव प्रसाई सातौ रुद्र प्रसाद सुवेदी आठौ

शोभा अधिकारी नवौ सुदर्सन अधिकारि दशौ कमला थापा कार्की भएका छन् ।

नियमित उपस्थित हुनेहरु इश्वरी गौतम, दुर्गा आचार्य , गोमा भट्टराई, मात्रीका चापागाई ,केशव प्रसाई ,शोभा अधिकारी, वेदमाया भट्टराई, बिमला गिरी, भरत कार्की, पुनम उप्रेती, निर्मला थापा, कमला थापा कार्की, सुदर्सन अधिकारी थिए ।

पतञ्जलि मोरङ अध्यक्ष लक्ष्मी चौधरी, मोरङ कोषाध्यक्ष ओम प्रसाद प्रसाई, प्रशिक्षक प्रतिनिधि राजेन्द्र खनाल र महेन्द्रेश्वर शिवालय मन्दिर व्यवस्थापन समितिका अध्यक्ष लिला प्रसाद काफ्ले ले नव-योग प्रशिक्षकहरूलाई शुभकामना मन्तव्य दिएका थिए ।

समारोहको सभापति शिल्पा प्याकुरेलले प्रशिक्षणलाई सफल बनाउने सम्पूर्ण प्रशिक्षक, प्रशिक्षार्थी तथा पतञ्जलि योग मोरङ परिवारलाई धन्यवाद ज्ञापन गर्नुभयो । साथै, नव-योग शिक्षकहरूलाई योगको महत्व समुदायमा पुऱ्याउने लक्ष्य लिएर अघि बढ्न प्रेरित गर्दै दिक्षान्त समारोह समापन गरेका थिए ।

# इलाम, सुनसरी, झापा र मोरंगबाट ९ जना पक्राउ

विराटनगर । इलाम, सुनसरी, झापा र मोरङको विभिन्न स्थानहरु बाट प्रतिबन्धित लागूऔषध सहित ९ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

माघ ३० बुधवार बिराट नगर महानगरपालिका-१७ स्थितबाट इलका प्रहरी रानी र लागूऔषध नियन्त्रण ब्यूरो बिराटनगरबाट खटिएको प्रहरी टोलिले चेकजाँचको क्रममा भारतबाट नेपाल तर्फ आउदै गरेको प्रदेश १-०२-०५४ प २१३६ नम्बरको मोटरसाईकल चालक मोरङ बेलबारी नगरपालिका-४ का ३२ बर्षीय बिजय राईलाई २ ग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो ।

इलका प्रहरी कार्यालय बाट खटिएको प्रहरी टोलिले पथरीशनिश्चरे-१ का ३३ बर्षीय बाल कृष्ण परियार र २० बर्षीय मौषम धिमाललाई १०५ चक्की ट्रमाडोल सहित नियन्त्रणमा लिएको थियो ।

त्यसैगरी प्रहरी चौकी महमाई इलामबाट खटिएको गस्ती टोलिले माई नगर पालिका-७ का ४५ बर्षीय टेक बहादुर लिम्बुलाई ७० मिलिग्राम ब्राउन सूगर सहित पक्राउ गरेको थियो ।

लागूऔषध सहित पक्राउ परेका उनिहरुको थप अनुसन्धान भई रहेको छ ।

माघ २९ मंगलवार प्रहरी चौकी शरणामतीबाट गस्तिमा खटिएको प्रहरी टोलिले चेकजाँचको क्रममा झापा अर्जुनधारा नगरपालिका-५ का २१ बर्षीय अनिस ठकुरीलाई ६०० मिलिग्राम ब्राउन सुगर सहित झापा गाउँपालिका-५ स्थितबाट नियन्त्रणमा लिएको थियो ।

त्यसैगरी प्रहरी चौकी महारानीझोडा झापाबाट खटिएको प्रहरी टोलिले झापा नगरपालिका-४ स्थितबाट स्थानिय ५१ बर्षीय टिका पराजुलीलाई १७८ ग्राम लागू औषध गाजा सहित नियन्त्रणमा लिएको हो भने सुनसरी -८ स्थितबाट धरान उप-महानगरपालिका-६ का २४ बर्षीय मिर्जु कुमार श्रेष्ठलाई १०५ मिलि ग्राम ब्राउन सूगर सहित इलाका प्रहरी कार्यालय धरानबाट खटिएको प्रहरी पक्राउ गरेको थियो ।

यसका साथै जिल्ला प्रहरी कार्यालय सुनसरीबाट चेकजाँचको खटिएको प्रहरी टोलिले सुनसरीको लौकही गाउँपालिका-१ स्थितबाट सुनसरीको बराक्षेत्र नगर पालिका-८ का २७ बर्षीय अर्जुन माझीलाई प्रतिबन्धित लागूऔषध ट्रमाडोल १३२ पत्ता सहित नियन्त्रणमा लिएको हो भने धनकुटा सहिदभुमि गाउँपालिका-६ का २४ बर्षीय पर्वत पौडेललाई प्रहरी चौकी आखिसल्ला धनकुटाबाट खटिएको टोलिले ट्रामानिल २१ क्याप्सुल र लागुऔषध गाँजा १२० ग्राम सहित नियन्त्रणमा लिएको थियो ।

लागूऔषध सहित पक्राउ परेका सबैजनाको सम्बन्धित प्रहरी कार्यालयहरुबाट थप अनुसन्धान भई रहेको छ ।


ट्राफिक नियमको पालना गरौं ।
सडक सुशासन कायम गरौं ।।

## कर तिरौं, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

अन्तरिक राजश्व कार्यालय विराटनगर

## गाउँवासीहरुको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं ।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं ।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं ।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं ।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं ।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं ।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं ।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यक्तिगत घटना दर्ता गराऔं ।

बुढीगंगा गाउँपालिका गाउँकार्यपालिकाको
कार्यालय मोरंग, कोशी प्रदेश



## गाउँवासीहरुको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं ।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं ।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं ।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं ।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं ।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं ।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं ।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यक्तिगत घटना दर्ता गराऔं ।



ग्रामथान गाउँपालिका गाउँकार्यपालिकाको
कार्यालय मोरंग, कोशी प्रदेश

क्राईम अपरेशन

# भारतको अयोध्यामा रहको राम मन्दिरमा पहिलो इट्टा हाल्ने चौपालको निधन

विराटनगर । अयोध्याको राम मन्दिर निर्माणमा पहिला इट्टा हाल्ने वा शिलान्यास गर्ने श्रीराम जन्मभूमि तीर्थ ट्रष्टको सदस्य कामेश्वर चौपालको निधन भएको छ ।

वहाँको पार्थिव शरीरलाई जन्म स्थान सुपौल जिल्लाको कमरैल लगिएको छ । अन्तिम संस्कार त्यही गरिएको छ । उनको छोरा विदानन्द विवेकले अग्नी दिएको थियो । दाहसंस्कारको वेला विहार सरकारको मन्त्री, उच्च पदाधिकारीहरुले श्रद्धाञ्जली अर्पन गरको थिए ।



चौपालको निधन प्रति भारतका प्रधान मन्त्री नरेन्द्र मोदी शोक व्यक्त गर्दै भने भाजपाको वरिष्ठ नेता र राम जन्मभूमि तीर्थ क्षेत्र ट्रष्टको सदस्य कामेश्वर चौमालको निधनले दुःख व्यक्त गरको छ ।

कामेश्व चौपालले ९ नवम्बर १९८९ को दिन अध्योध्या राम मन्दिरका पहलो इट्टा राखेको थियो । त्यो वेलाको एतिहासकि घटना थियो । चौपाल विश्व हिन्दु परिषदको सह संगठन मन्त्रीको रुपमा सक्रिय रहको थियो । पछि श्रीराम जन्मभूमि तीर्थ क्षेत्र ट्रष्टको सदस्य बनेको थियो ।

उनको जन्म २४ अप्रेल १९५६ मा विहारको सुपौल जिल्लाको कमरैल गाउँमा भएको थियो । उनले जेएन कलेज, मधुवानीवाट स्नातक र मिथिला विश्वविद्यालय, दरभंगावाट एमएको डिग्री प्राप्त गरको थियो । राजनीतिक जीवनमा उनले सक्रिय भूमिका निर्वाह गर्दै सन २००२ र २०१४ सम्म विहार विधान परिषदको सदस्य रहको थियो ।

उनको निधनले राम मन्दिर आन्दोलन र भारतीय राजनीति को एक महत्वपूण अध्याय समाप्त भएको छ । चौपालको अन्तिम दर्शनको लागि मन्त्री निरज सिंह बबलु, र उर्जा मन्त्री विजेन्द्र प्रसाद यादव, विहार अध्यक्ष डां दिलीप जयसवाल सामेल भएको थियो ।

## नेपालमा...

महँगी र भ्रष्टाचार बढ्दा विद्यार्थी सामूहिक आन्दोलनमा उत्रिएको देखिन्न । संविधानमाथि खतरा पैदा हुँदा पनि उनीहरू चिन्तित भएको देखिन्न । खासमा, अहिले मुख्य-मुख्य विद्यार्थी संगठनहरू मूल पार्टीका प्रचार संयन्त्र जस्तो देखिएका छन् । उनीहरूले नेतृत्वलाई खबरदारी गर्नुभन्दा पनि जयजय कार गर्नमै समय खर्चिए को देखिन्छ । वैचारिक प्रतिस्पर्धा शून्य जस्तो छ ।

**कसरी अघि बढ्ने**

विद्यार्थी संगठनहरूले समाजको वास्तविक समस्यामा ध्यान केन्द्रित नगरी सुखै छैन । विद्यार्थी आन्दोलनको मूल उद्देश्य केवल सत्ताको पक्षमा उभिनु मात्र होइन, समाजका विकृति र असमानताका विरुद्ध जुध्नु हो । भविष्यमा संगठनहरूले विशेष रूपमा शैक्षिक असमानता, बेरोजगारी, महिला अधिकार, दलित र जनजातिको हकको पक्षमा लड्नुपर्नेछ ।

साथै, लोकतन्त्र र मानव अधिकारको सम्बर्धन आफ्नो भूमिका अझ सशक्त बनाउनु पर्नेछ । वर्तमान युग डिजिटलको हो र विद्यार्थी संगठनहरूले यसलाई पूर्ण रूपमा उपयोग गर्न आवश्यक छ । अनलाइन प्लेटफर्म, सोसल मिडिया र डिजिटल संवादको माध्यमबाट संगठनहरूले आफ्नो आन्दोलन र सन्देशलाई छिटो र प्रभावकारी रूपमा फैलाउन सक्छन् । उदाहरणका लागि ट्विटर, फेसबुक, इन्स्टाग्राम जस्ता प्लेटफर्महरूले विद्यार्थी आन्दोलनलाई अन्तर्राष्ट्रिय स्तरमा प्रचार गर्न र समर्थन जुटाउन मद्दत पुऱ्याउँछ ।

विद्यार्थी संगठनहरूले आफ्नो नेतृत्वलाई समावेशी बनाउनुपर्छ । जसमा सबै प्रकारका विचार र समुदाय लाई सम्मानपूर्वक स्थान दिइन्छ । सबै विद्यार्थीलाई समान अवसर र प्रतिनिधित्व दिने काम गर्दै संगठनहरूले वैचारिक बहस र खुला संवादको माहोल सिर्जना गर्नुपर्नेछ । यसले संगठनहरू लाई थप गतिशील र शक्तिशाली बनाउनेछ ।

विद्यार्थी संगठनहरूले शैक्षिक सुधारका लागि निरन्तर आवाज उठाउन ुपर्छ । देशको समग्र शैक्षिक प्रणालीमा सुधार ल्याउन सरकारसँग पहल गर्नुपर्छ । सबैको पहुँचमा गुणस्तरीय शिक्षा पुऱ्याउनका लागि पहल लिनुपर्छ । नेपालमा विशेषगरी दुर्गम क्षेत्र र विपन्न समुदायमा अझै पनि गुणस्तरीय शिक्षाको अभाव छ । स्कुल छाड्ने विद्यार्थीको संख्या ठूलो छ । यसमा सुधार ल्याउन विद्यार्थी संगठनहरू एकजुट भएर लाग्नुपर्छ । शैक्षिक सुधारका मामिलामा विभाजन होइन, सबै विद्यार्थी संगठनबीच एकताको खाँचो छ । समय सुहाउँदो प्राविधिक शिक्षाको पैरवी गर्नुपर्छ ।

युवाहरूको विदेश पलायनको समस्या विकराल छ । यसलाई समाधान गर्न विद्यार्थी एकजुट हुनैपर्छ । स्थानीयस्तरमा रोजगारी र अवसर सिर्जना गर्नका लागि संगठनहरू बीच हातमालो जरूरी छ । युवा शिल्पकला, उद्यशीलता, प्रविधिमा आधारित कार्यक्रम र रोजगारीका अवसरहरू सिर्जना गर्न युवाहरूलाई प्रोत्साहित गर्नुपर्छ । शैक्षिक संस्थाहरू, सरकार र निजी क्षेत्रसँग सहकार्य गर्दै स्थानीयस्तरमा अवसर निर्माण गर्न आवश्यक छ ।

राजनीतिक प्रतिस्पर्धा, भ्रष्टाचार र अनियमितताको विरोध गर्दै विद्यार्थीले सुधारका लागि निरन्तर दबाब दिन जरूरी छ लोकतान्त्रिक प्रक्रिया र मूल्य-मान्यताको रक्षाका लागि विद्यार्थी दलीय स्वार्थको घेराभन्दा माथि उठ्नुपर्छ ।

विद्यार्थी संगठनले अन्तर्राष्ट्रिय समुदायसँग सम्बन्ध स्थापित गरेर वैश्विक मुद्दामा आवाज उठाउन पनि पहल गर्नुपर्छ । जलवायु परिवर्तन, मानवअधिकार, आर्थिक समानता, लैंगिक समानता जस्ता मुद्दाहरूमा विश्वभरका नागरिकको ऐक्यबद्धता जरूरी हुन्छ । (रोका अखिल क्रान्तिकारीको अध्यक्षका उम्मेदवार हुन् ।) अनलाईन खबरवाट

# सडक सुरक्षा सचेतना जागरण अभियान

सुनसरी । सुनसरीको इटहरी उपमहानगरपालिका-स्थितमा नेपाल यातायात स्वतन्त्र मजदुर संगठन र नेपाल यातायात मजदुर संघले सडक सुरक्षा सचेतना जागरण अभियानको शुभारम्भ गरेको छ ।

माघ २७ गते मंगलवार कोशी प्रदेशका माननीय आन्तरिक मामिला तथा कानुन मन्त्री रेवतीरमण भण्डारीको प्रमुख आतिथ्यता तथा कोशी प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक राजन अधिकारीको बिशेष आतिथ्यतामा उक्त कार्यक्रम सम्पन्न भएको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्नुहुदै कार्यक्रमका प्रमुख अतिथि भण्डारीले सडक दुर्घटना न्युनिकरण सबैको साझा विषय भएको बताउदै मजदुर संगठनहरुले अभियान शुभारम्भ गरेकोमा खुशी व्यक्त गर्नुको साथै सडक दुर्घटना न्युनिकरण तथा सार्वजनिक यातायातलाई सुधारका लागि कोशी प्रदेश सरकारको निर्माण योजना अन्तिम चरणमा पुगेको हुँदा यातायात मजदुर तथा व्यवसायीहरु र सरोकारवाला हरुसंग छलफल गरेर कार्यान्वयनमा ल्याउने जानकारी दिएका थिए ।

कोशी प्रदेश प्रहरी प्रमुख अधिकारीले सडक दुर्घटनाका समस्या र चुनौतीहरुलाई न्यूनिकरण गर्न सबै पक्षको सहयोग र सामुहिक सहकार्य गरी अगाडि बढ्न जरुरी रहेको बताउदै यातायात व्यवसायी तथा यातायात मजदुर संगठनले सवारी दुर्घटना न्यूनिकरणको लागि सडक सचेतना जागरण अभियान संचालन गर्न लागि परेकोमा कोशी प्रदेश प्रहरी प्रमुखको तर्फबाट हार्दिक आभार व्यक्त गर्नुका साथै कोशी प्रदेश प्रहरी सवारी दुर्घटना न्यूनिकरणका लागि सहकार्य गरी अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गरका थिए ।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ कोशी प्रदेश अध्यक्ष सरोज श्रेष्ठ, एनटीयुसीका केन्द्रीय उपाध्क्षय ज्योती कोइराला, नेपाल यातायात मजदुर संघका केन्द्रीय उपाध्यक्ष कमल राई नागरिक समाज इटहरीका अध्यक्ष राजकुमार राई लगायतले कार्यपत्र र अभियानप्रति सुझाव पेश गरेका थिए भने सडक दुर्घटनाको वर्तमान चित्र सहितको सडक सुरक्षा, चासो र हाम्रो भूमिका विषयक कार्यपत्र र कोशी प्रदेशभरी सञ्चालन गरिने सडक सुरक्षा सचेतना प्रशिक्षण कार्यक्रमको योजना नेपाल यातायात स्वतन्त्र मजदुर संगठनका केन्द्रीय अध्यक्ष भीमज्वाला राईले प्रस्तुत गर्नुभएको थियो ।




## नगरवासीको लागि विशेष अनुरोध

- नगरपालिका वा वडा कार्यालयमा बुझाउनु पर्ने सम्पत्ती कर, व्यवसाय कर लगायतका करहरु समयमै बुझाऔं ।
- सडकमा जथाभावी सवारी साधन पार्किङ नगरौ ।
- सडक पेटीमा कुनै पनि किसिमका व्यापार व्यवसाय नगरौ ।
- सडकको क्षेत्राधिकार भित्र ठेला पसल तथा निर्माण सामाग्री नराखौ ।
- नगर क्षेत्रभित्र निर्माण हुने घरको निर्माण पूर्व अनिवार्य घर नक्सा पास गर्ने गरौ ।
- पञ्जीकरणका कार्यहरु ३५ दिन भित्रै गरी जरिवानाबाट बचौं ।
- महिला सशक्तीकरणलाई प्राथमिकता दिऔ ।
- सवै प्रकारका हिंसाको अन्त्य गरौ ।
- उपभोक्ता हित विपरीत हुने कुनै पनि क्रियाकलापहरु पूर्ण रुपमा रोकौं ।
- मिसावट तथा रंग रोगन गरिएका खानेकुराहरुको वेचविखन र सेवन गर्दै नगरौं ।
- बाल श्रमको अन्त्य गरौ ।
- आफ्नो घर वरिपरी हरियाली वनाउन वृक्षा रोपन गर्ने संस्कारको विकास गरौं ।
- देखावटी रुपमा फजुल खर्च नगरौं ।

पथरीशनिश्चरे नगरपालिकाको कार्यालय मोरंग, कोशी प्रदेश

## नगरवासीको लागि विशेष अनुरोध

- नगरपालिका वा वडा कार्यालयमा बुझाउनु पर्ने सम्पत्ती कर, व्यवसाय कर लगायतका करहरु समयमै बुझाऔं ।
- सडकमा जथाभावी सवारी साधन पार्किङ नगरौ ।
- सडक पेटीमा कुनै पनि किसिमका व्यापार व्यवसाय नगरौ ।
- सडकको क्षेत्राधिकार भित्र ठेला पसल तथा निर्माण सामाग्री नराखौ ।
- नगर क्षेत्रभित्र निर्माण हुने घरको निर्माण पूर्व अनिवार्य घर नक्सा पास गर्ने गरौ ।
- पञ्जीकरणका कार्यहरु ३५ दिन भित्रै गरी जरिवानाबाट बचौं ।
- महिला सशक्तीकरणलाई प्राथमिकता दिऔ ।
- सवै प्रकारका हिंसाको अन्त्य गरौ ।
- उपभोक्ता हित विपरीत हुने कुनै पनि क्रियाकलापहरु पूर्ण रुपमा रोकौं ।
- मिसावट तथा रंग रोगन गरिएका खानेकुराहरुको वेचविखन र सेवन गर्दै नगरौं ।
- बाल श्रमको अन्त्य गरौ ।
- आफ्नो घर वरिपरी हरियाली वनाउन वृक्षा रोपन गर्ने संस्कारको विकास गरौं ।
- देखावटी रुपमा फजुल खर्च नगरौं ।

वेलवारी नगरपालिकाको कार्यालय मोरंग, कोशी प्रदेश